# पनौती नगरपालिका

## मानव अधिकार तथा न्यायमैत्री नगर

# घोषणापत्र

(२०७७ असार ११ गते सम्पन्न सातौं नगरसभाबाट पारित)

## प्रस्तावना

प्रत्येक मानवमा अन्तर्निहित प्रतिष्ठा, उनीहरुको सम्मानजनक र सुरक्षित जीवन जिउन पाउने अविछिन्न अधिकारको प्रत्याभूति नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

संयुक्त राष्ट्र संघको विश्वब्यापी मानव अधिकार घोषणापत्र १९४८, जातीय भेदभाव उन्मूलन, नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन, यातना, बाल अधिकार, आप्रवासी कामदारहरूको अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, आदिवासी, दलित जनजाति अधिकार, विकास अधिकार लगायत नेपाल पक्ष राष्ट्र भएको मानव अधिकार तथा मानवीय अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी तथा प्रतिज्ञापत्रहरु प्रति प्रतिबद्ध हुदै,

मानव अधिकारको स्थानीयकरण गर्ने विश्वब्यापी अभियान प्रति ऐक्यबद्ध भई संयुक्त राष्ट्र संघ मानव अधिकार परिषदको मानव अधिकार प्रबर्धनमा स्थानीय सरकारहरुको भूमिका प्रभावकारी बनाउने प्रस्तावको भावना बमोजिम मानव अधिकारको रक्षा, सम्बर्द्धन र परिपूर्ति गर्ने कर्तब्य नगरपालिकाको पनि हो भन्ने दायित्वलाई आत्मसात गर्दै,

नेपालको संविधान २०७२ ले ब्यवस्था गरेको मौलिक अधिकारहरु सहित सबै अधिकारहरु, नेपाल सरकारको दीर्घकालिन दृष्टिकोण, दिगो विकास एजेण्डा २०३०, स्थानीय सरकार संचालन ऐन

२०७४ र नेपाल सरकारले जारी गरेको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनालाई नगरपालिका क्षेत्र भित्र कार्यान्वयन गर्न र शान्तिपूर्ण, न्यायपूर्ण, समतामूलक, लोकतान्त्रिक, सुखी, सम्बृद्ध र समावेशी समाज निर्माण गर्ने संकल्प गर्दै पनौती नगर क्षेत्रमा लागू हुने गरी यो घोषणापत्र जारी गर्दछ।

## १. शान्ति, सुरक्षा र सुशासनको ब्यवस्था

१.१) हरेक घर, कार्यालय, सार्वजनिक स्थान तथा सवारी साधनमा महिला, अशक्त, जेष्ठ नागरिक, वालवालिका लगायत सम्बन्ध सबैको सुरक्षाको प्रत्याभूति गरिने छ। प्रहरी र समुदायसँगको साझेदारीमा सुरक्षा सम्बन्धी पैरवी गर्ने नीति लागू गरिने छ।

१.२) बिपद् जोखिम न्यूनिकरण र ब्यवस्थापन योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

१.३) सबै किसिमका अपराध एवं अपराधजन्य गतिविधिहरुको अन्त्य गरिने छ। आत्महत्या रोकथामको लागि मनोसामाजिक परामर्श लगायतका कार्यक्रमहरु संचालन गरिने छ।

१.४) यौनिक तथा लैंगिक अल्पसंख्यक र धार्मिक एवं जातीय अल्पसंख्यक समुहहरुको सुरक्षा र सुविधाको लागि आवश्यक नीति र कार्यक्रमहरु बनाई संचालन गरिने छ।

१.५) सार्वजनिक सेवाहरु सहज तथा गुणस्तरीय बनाई समयमै आपूर्ति गर्नको लागि नगरपालिका र नगरभित्रका सार्वजनिक निकायहरुलाई पारदर्शी, जवाफदेही, चुस्त र सक्षम बनाइने छ।

१.६) सार्वजनिक क्षेत्रमा सदाचार प्रबर्द्धन गर्न भ्रष्टाचार नियन्त्रण गरी सुशासनयुक्त प्रशासनको ब्यवस्था गरिने छ।

## २. न्यायमा पहुँचको सुनिश्चितता

२.१) स्थानीय न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुलाई सुदृढ र प्रभावकारी बनाइने छ। सबै नगरवासीहरुको न्यायमा समान पहुँचको प्रत्याभूति गर्न आवश्यक सुविधाहरु प्रदान गरिने छ।

२.२) द्वन्द्व पिडित, प्राकृतिक प्रकोपबाट पिडित र जोखिमपूर्ण जीवन यापन गर्नेहरुको न्यायोचित ब्यवस्थापनको लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिने छ।

२.३) कानूनी शासनको प्रत्याभूतिको लागि सर्वसाधारणहरुमा कानूनी साक्षरता लगायतका सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ।

## ३. आधारभूत सेवा प्रवाहको सुनिश्चितता

३.१) सबै नगरवासीहरुलाई खाद्य सुरक्षा र सुरक्षित आवासको प्रबन्ध गर्न आवश्यक नीति तथा कार्यक्रम ल्याइने छ।

३.२) नगर क्षेत्र भित्र माध्यमिक तह सम्मको निशुल्क शिक्षा नीतिलाई प्रभावकारी कार्यान्वयन गरिने छ। शिक्षालाई गुणस्तरीय र ब्यवहारिक बनाइने छ।

३.३) शान्ति, लोकतन्त्र, मानव अधिकार, लैंगिक समानतालाई माध्यमिक तहका बिद्यालय पाठ्यक्रममा समावेश गरी स्थानीय शिक्षा प्रणाली लागू गरिने छ।

३.४) प्राविधिक तथा ब्यवसायिक शिक्षामा जोड दिई स्थानीय तहमा नै रोजगार सृजना गर्ने कार्यक्रमहरु संचालन गरिने छ।

३.५) नगर क्षेत्र भित्र आधारभूत स्वास्थ्य सेवा निशुल्क गरी स्वास्थ्य सेवालाई नागरवासीहरुको पहुँच योग्य र गुणस्तरीय बनाउन अस्पताल सेवाको प्रबन्ध मिलाइने छ। साथै प्रतिरोधात्मक स्वास्थ्य कार्यक्रमहरु संचालन गरिने छ।

३.६) सबैलाई स्वच्छ र सुरक्षित पिउने पानी र सबैको घरमा शौचालयको ब्यवस्था गरी पूर्ण सरसफाईको प्रबन्ध गरिने छ।

३.७) नगरक्षेत्र भित्रका सबै वडाहरुमा यातायातका साधनहरु सहज र सुरक्षित रुपमा आवत जावत गर्न सक्ने गरी सडक संजाल विस्तार गरिने छ।

३.८) कृषिको उत्पादन र उत्पादकत्व बृद्धिका लागि सिंचाई,

कृषि बाली सुरक्षा, पशु बिमा, नश्ल सुधार, मल, विउबिजन लगायत कृषि सामाग्रीहरु सहज र सहुलियत रुपमा उपलब्ध हुने ब्यवस्था गरिने छ। कृषि उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताहरुलाई उचित मूल्यमा बस्तुहरु आपूर्ति गर्ने ब्यवस्था गरिने छ।

३.९) कृषि, पशुपालन, पर्यटन तथा साना उद्योगलाई प्राथमिक विकास क्षेत्रको रुपमा कार्यान्वयन गरी स्वरोजगारी सृजना गरिने छ।

३.१०) व्यक्तिगत घटना दर्तामा सबैको पहुँच सुनिश्चित गरिने छ र सबै नगरबासीहरुको कानूनी पहिचानको प्रत्याभूति गरिने छ।

३.११) सबै घरहरुमा बिद्युत सेवा आपूर्ति गरिने छ । सबै वडाहरुमा इन्टरनेट सेवा पुऱ्याइने छ । नगरक्षेत्रमा सार्वजनिक सेवालाई सूचना प्रविधिमैत्री बनाइने छ।

३.१२) बैदेशिक रोजगारमा जानेहरुलाई सुरक्षित, मर्यादित र ब्यवस्थित गर्न आवश्यक नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गरिने छ।

## ४. महिला अधिकारको रक्षा

४.१) महिलाहरु माथि हुने सबै खाले हिंसा तथा भेदभावहरुलाई दण्डनीय बनाई शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ।

४.२) महिलाहरुको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र नागरिक अधिकार प्राप्तिका लागि समान अवसरको सिर्जना गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ । सबैको मातृस्वास्थ्य र परिवार नियोजन सेवामा पहुँच सुनिश्चित गरिने छ।

४.३) सबै सार्वजनिक निकायहरुको नेतृत्व तहमा महिलाहरुको सम्मानजनक प्रतिनिधित्वको प्रत्याभूति गरिने छ।

४.४) समान प्रकृतिको कामको लागि महिला तथा पुरुषको समान ज्याला सुनिश्चित गरिने छ।

## ५. हिंसामुक्त र विभेद रहित समाज निर्माण

५.१) नगर भित्र सबै किसिमको हिंसा, बिशेषतः महिला, बालबालिका, बृद्धबृद्धा र बिपन्नहरु बिरुद्ध हुने हिंसाहरुको अन्त्य गरिने छ। यौनजन्य हिंसालाई दण्डनीय बनाइने छ।

५.२) वाल विवाह र जबरजस्ती विवाहलाई पूर्ण रुपमा बन्देज गरिने छ। बोक्सी प्रथा जस्ता अन्धविश्वास र अमानवीय कुप्रथाहरुलाई दुरुत्साहित गरिने छ।

५.३) जातीय छुवाछुत र जातीय भेदभावहरुको अन्त्यका लागि सहयोग पुग्ने नीति कार्यक्रम बनाई लागु गरिने छ। सबै नीति नियम कार्यक्रमहरु समानता र समन्यायको सिद्धान्तमा आधारित हुने छ।

५.४) जबरजस्ती श्रममा लगाउने र मानव वेचविखनमा संलग्नलाई प्रचलित कानूनको दायरामा ल्याई दण्डित गरिने छ।

## ६. संरक्षण चाहिने र सीमान्तकृतहरुलाई बिशेष सेवा सुविधाको ब्यवस्था

६.१) नगर क्षेत्र भित्र बाल अधिकारको प्रत्याभूति गर्नको लागि वालमैत्री स्थानीय शासन प्रणाली कार्यान्वयन गर्दै त्यसको दिगोपनामा जोड दिइने छ।

६.२) नगर क्षेत्र भित्र बाल श्रमको अन्त्य गरी वालश्रम प्रयोग गर्ने गराउनेलाई प्रचालित कानून बमोजिम दण्डित गर्न सहयोग पुग्ने नीति कार्यक्रम बनाइने छ।

६.३) कसैलाई पछाडि नछाड्ने (Leave No One Behind) सिद्धान्त अनुसरण गर्दै महिला, दलित, बिपन्न, जेष्ठ नागरिक, अपाङ्ग, जोखिममा परेका र पर्न सक्ने ब्यक्ति तथा परिवार र पिछडिएको जनजातिहरुलाई आरक्षण तथा बिशेष सहुलियतको ब्यवस्था गरिने छ।

६.४) बिपन्न र सीमान्तकृत समुहहरुलाई प्रत्यक्ष लाभ हुने सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गरिने छ। आर्थिक उपार्जन, भूमि लगायत प्राकृतिक श्रोतहरुमा न्यायोचित पहुँच र स्वामित्वको लागि नीति नियम बनाई कार्यान्वयमा ल्याइने छ।

६.५) अति बिपन्न, अपाङ्ग, जेष्ठ नागरिक, विधवा तथा एकल महिलाहरु र द्वन्द्व पिडितहरुलाई परिचय पत्र वितरण गरिने छ। उनीहरुलाई सामाजिक सुरक्षाको ब्यवस्था गरिने छ र सार्वजनिक सेवामा विशेष सहुलियतको ब्यवस्था गरिने छ।

६.६) युवाहरुको शिक्षा, रोजगारी र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता जोड दिइने छ। यौनिक तथा प्रजनन स्वास्थ्य अधिकार प्रबर्द्धन गरिने छ।

६.७) नगर क्षेत्र भित्रको भाषा, साहित्य, लिपि, संस्कृति, सम्पदाको संरक्षण र विकास गरिने छ। साथै सामाजिक सांस्कृतिक विविधतालाई सम्मान र प्रबर्धन गर्न संस्थागत ब्यवस्था गरिने छ।

## ७. वातावरण र प्राकृतिक श्रोतको दिगो ब्यवस्थापन

७.१) नगर क्षेत्र भित्र वातावरण प्रदूषण र ह्रासलाई क्रमशः नियन्त्रण गरिने छ । खानी लगायत प्रकृति जन्य श्रोतहरुको अनियन्त्रित दोहन र दुरुपयोग रोकिने छ। सबै फोहरमैलाहरुको बैज्ञानिक एवं दिगो ब्यवस्थापन गरिने छ।

७.२) नगर क्षेत्र भित्र जैविक खेतीलाई प्रोत्साहन गरिने छ। जैविक विविधता र माटो संरक्षणको लागि आवश्यक उपायहरु अवलम्बन गरिने छ।

७.३) जलवायु परिवर्तनको नकारात्मक प्रभाव रोक्न स्थानीय अनुकूलन योजना बनाई कार्यान्वयन गरिने छ । वन क्षेत्रको सुरक्षा गरी थप बिस्तार गर्दै उत्पादनमूलक बनाइने छ। नविकरणीय र स्वच्छ उर्जालाई प्रोत्साहन गरिने छ।

७.४) विकास निर्माणका कामहरु गर्दा वालमैत्री, वातावरणमैत्री, अपांगतामैत्री, जेष्ठ-नागरिकमैत्री, द्वन्द्व संवेदनशिल र लैंगिक संवेदनशिल बनाइने छ।

## ८. सद्भाव, सहकार्य र साझेदारी बिस्तार

८.१) नागरिक समाज, मानव अधिकारकर्मी तथा संचार जगत लगायतको स्वतन्त्रता र पेशागत मर्यादाको सम्मानका लागि एक आपसमा हातेमालो गर्दै अगाडि बढ्ने बातावरण सिर्जना गरिनेछ।

८.२) विकास निर्माण सम्बन्धी कानून, नीति, कार्यक्रम तथा योजना निर्माण र कार्यान्वयन गर्दा समावेशी सहभागिताको अभ्यास सुनिश्चित गरिनेछ । नागरिक संलग्नता र नागरिक समाजको भूमिकालाई प्रोत्साहन गरिने छ । विकास प्रशासन तथा सार्वजनिक प्रशासन मानव अधिकार र न्यायमा आधारित हुनेछ।

८.३) यस घोषणापत्र कार्यान्वयन गर्ने क्रममा अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार, राष्ट्रिय मानव

अधिकार आयोग लगायत संवैधानिक निकायहरु, मानव अधिकारमैत्री शहरहरु र मानव अधिकार र न्यायका क्षेत्रमा काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिने छ ।

## ९. घोषणापत्र कार्यान्वयन संयन्त्र र प्रणाली निर्माण

९.१) यस घोषणापत्रको प्रभावकारी कार्यान्वयन गर्नको लागि नगरपालिकाको अगुवाईमा सरोकारवालाहरुको सहभागितामा स्थानीय संयन्त्र गठन गरिने छ ।

९.२) नगरपालिकाले बनाउने नीति, ऐन, कानून, नियम र बिकास योजनाहरु मानव अधिकार र न्यायको सिद्धान्तमा आधारित हुने गरी प्रत्याभूत गराइने छ । नगरपालिकाको संगठनात्मक संरचना भित्र मानव अधिकार, कानून तथा न्याय शाखा स्थापना गरिने छ ।

९.३) मानव अधिकार अनुगमन तथा निगरानीको लागि नगरस्तरीय मानव अधिकार परिषद स्थापना गरिने छ ।

## थप जानकारीका लागि सम्पर्क ठेगाना


# पनौती नगरपालिका

पनौती ४ टौखाल भगवान डाडा

फोन नः ०११४४०१३६,०११४४०१३८

फ्याक्सः ०११४४०१३७

इमेलः info@panautimun.gov.np


प्रकाशन सहयोग : दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल, धुलिखेल